## कार्यपालिका वैठक नं.२, आ.व.२०८१- ०८२ (२०८१/०५/१४

आज मिति २०८१/०५/१४ गतेका दिन बिहान ०८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा [illegible] चुमान | |
| १७ | का. सहयोगी | निर्मला ढकाल | |
| १८ | | | |

**कार्यपालिका वैठक नं.२, आ.व.२०८१- ०८२ (२०८१/०५/१४ का प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. घर अभिलेखीकरण सम्वन्धमा ।

३. उपभोक्ता समिती निर्माण सम्वन्धमा ।

४. भुक्तानी सम्वन्धमा ।

५. योजना कार्यक्रम सम्वन्धमा ।

६. योजना संशोधन सम्वन्धमा ।

७. युवा तथा खेलकुद कार्यक्रम सम्वन्धमा ।

८. हिउँदे सभावाट वजेट सुनिश्चित गरि कार्य गर्ने सम्वन्धमा ।

९. विविध सम्वन्धमा ।

**कार्यपालिका वैठक नं.२, आ.व.२०८१- ०८२ (२०८१/०५/१४ का निर्णयहरु :**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको वैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुवाट पेश हुन आएको श्रावण महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको श्रावण महिनाको खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ : घर अभिलेखिकरण सम्बन्धमा ।**

मिति २०८१/०१/३० को नेपाल सरकार शहरी विकास मन्त्रालयको (मन्त्रीस्तरीय) निर्णयानुसार भवन निर्माण सम्वन्धी नया व्यवस्था जारी भएकोले अव उप्रान्त नया घर निर्माण गर्दा सोहि अनुसार नक्सापास गरेर मात्र निर्माण कार्य गर्नुका साथै यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत घर नक्सा सम्वन्धि कार्यविधि बमोजिम यस गाउँपालिका क्षेत्रभित्र यस भन्दा अघि नै नक्सापास नभई वनेका घर तथा भवनहरुको नियमानुसार अभिलेखिकरण गर्ने निर्णय गरियो । र सो कार्यको लागि ०८१ असोज १ गतेदेखि मिति २०८१ चैत्र ३१ सम्म हदम्याद कायम गरी सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ३ : प्रकोप व्यवस्थापन सम्बन्धमा ।**

क) गत मिति २०८१ साल भदौ महिनाको ०७ गतेका दिन भारतीय पर्यटक बोकेको UP53FT7623 नं. को यात्रुवाहक वस आँबुखैरेनी गाउँपालिका वडा नं. २/४ स्थित ऐना पहरा नजिक भएको दुखद दुर्घटनामा परि घाईते साथै मृतकहरुको शव बोक्ने प्रयोजनको लागि प्रयोग भएका एम्बुलेन्सहरुको (ग.१.च.९९८४, प्रदेश ३-०१-०२४ च.७९५६, ग.२.च.७४९४, ग.२.च.७३५०, ना.३.च.६५१५, ना.२.च.२३२८, ना.५.च. १८१२, ना.३.च.९९५५, ना.५.च.१३६, ग.२.च.७२९७, ग.१.च.९५०३, ना.२.च.६०८२, ना.५.च.२१९५) खर्च बापत प्रति टिप रु.७,०००/-का दरले गाउँकार्यपालिकाको स्वीकृत **प्रकोप व्यवस्थापन कोषबाट** भुक्तानी दिने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ५ लाब्दी भोटेश्वारामा स्थित तुल बहादुर गुरुङको घरमा मिति २०८१/०५/०९ गतेको दिन चट्याङको कारण क्षति भएको हुँदा राहत तथा क्षतिपुर्ति उपलब्ध गराईदिन भनि वडाको सिफारिस सहित पेश भएको निवेदन उपर छलफल गरी निज तुल बहादुर गुरुङलाई गाउँकार्यपालिकाको स्वीकृत **प्रकोप व्यवस्थापन कोषबाट** भुक्तानी हुनेगरि जम्मा रु.२०,०००/-(अक्षररुपी विस हजार रुपैंया मात्र ।) राहत उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं. ४) उपभोक्ता समिति निर्माण सम्बन्धमा ।**

**क) ऐना पहरा पूर्वाधार निर्माण समिति :**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.२/४ मा पर्ने पालिकाको पर्यटकीय स्थल ऐनापहरामा पर्यटन पुर्वाधार निर्माणको लागि तपशिल बमोजिमको ऐनापहरा पूर्वाधार निर्माण उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल :**

- अध्यक्ष : श्री सुदिप थापा
- उपाध्यक्ष : श्री पार्वती खवास
- सचिव : धन काजी मगर
- कोषाध्यक्ष : कोपिला थापा
- सदस्य : हेम बहादुर गुरुङ
- सदस्य : धिरन गुरुङ
- सदस्य : आरती समय मगर

**ख) २ नं. वडा कार्यालय जाने बाटो घेराबार निर्माण समिति :**

आँबुखैरेनी गाउँपालिका वडा नं. २ जाने बाटो घेराबार निर्माणको लागि तपशिल बमोजिमको निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

- अध्यक्ष : दिपक गुरुङ
- उपाध्यक्ष : अमर देवि गुरुङ
- सचिव : नन्द कुमारी गुरुङ
- कोषाध्यक्ष : ईश्वर गुरुङ
- सदस्य : जित बहादुर गुरुङ
- सदस्य : संगिता गुरुङ
- सदस्य : रोक बहादुर गुरुङ

Scanned with CamScanner

**निर्णय नं. ५ : भुक्तानी सम्बन्धमा ।**

**क) इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेबापत पालिकाको सवारी साधनमा प्रयोग गरेको इन्धन उपलब्ध गराए बापतको जम्मा खर्च रकम रु.६,९४,३०७ (अक्षररुपी छ लाख चौरानव्वे हजार तिन सय सात रुपैंया मात्र ।)भुक्तानीको लागि श्री अकला देवि टेड्स, आँबुखैरेनी १ बाट पेश भएको निवेदन उपर छलफल गरि तपशिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल :**

प्रकोप व्यवस्थापन कोष : ५९,८१२/-

इन्धन : ६,३४,४९५/-

ख) यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँवुखैरेनी अस्पताल प्रयोजनको लागि विभिन्न उपकरणहरु खरिद गरिएकोमा सो बापतको जम्मा रकम रु.८,००,०००/-(अक्षररुपी आठ लाख रुपैंया मात्र ।) भुक्तानीको लागि नारायणी कम्प्युटर्स एण्ड सप्लायर्सवाट निवेदन पेश भएको हुँदा गाउँकार्यपालिकाको स्वीकृत गत आ.व.को भुक्तानी बाँकी (चिकित्सकिय सामग्रीहरु औषधिहरु, सर्जिकल सामग्रीहरु, प्रयोगशाला सागग्रीहरु, मेडिकल उपकरण तथा गैर चिकित्सकिय उपकरण) खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :योजना कार्यक्रम सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ५, भोटेश्वारा स्थित नमुना आमा समुहद्धारा गुरुङ सँस्कृती झल्कने साँस्कृतिक पोसाक (घलेक, चोलो, लुङ्गी, पछ्यौरा) उपलव्ध गराईदिन भनि वडा समितिको सिफारिस सहित पेश भएको निवेदन उपर छलफल गरी स्थानीय परम्परा, सँस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उदेश्यले माग बमोजिम गाउँकार्यपालिकाको स्वीकृत **अन्य सँस्था सहायता** खर्च शिर्षकबाट भुक्तानी हुनेगरि १० सेट साँस्कृतिक पोसाक (गुरुङ) उपलब्ध गराउने निर्णय गरियो ।

ख) यस आँबुखैरेनीको आन्तरिक पर्यटन प्रवर्द्धन गरि पालिकाको आन्तरिक आम्दानी वृद्धि गर्नुका साथै पालिकाको आर्थिक विकासमा टेवा पुर्‍याउने उदेश्यले पालिकाअर्न्तगत रहेको मर्स्याङ्दी नदीमा र्‍याफ्टीङ सञ्चालन गर्नको लागि अभ्यास स्वरुप श्री इस्क्यापेड नेपाल कम्पनीलाई १ दिने KAYAK CLINIK, WHITE WATER SWIMMING AND RAFTING कार्यक्रम सञ्चालन गर्नको लागि गाउँकार्यपालिकाको स्वीकृत **विविध कार्यक्रम खर्च** शिर्षकबाट भुक्तानी दिनेगरि जम्मा रु.५०,०००/- (अक्षररुपी पचास हजार रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : योजना संशोधन सम्बन्धमा ।**

आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत अस्पताल अप्रेशन थिएटर योजनालाई तपशिल संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना | रकम |
|---|---|---|
| १. | आँबुखैरेनी गाउँपालिकाको अस्पताल भवनमा ओ.टि.सेक्सन तयार तथा गार्ड घर निर्माण योजना | २०,००,०००/- |

Scanned with CamScanner

| | | |
|---|---|---|
| २. | आँबुखैरेनी गाउँपालिका अस्पतालको पार्किङ्ग तथा जेनेरेटर घर निर्माण योजना | १०,००,०००/- |
| | जम्मा रु. | ३०,००,०००/- |

**निर्णय नं. ८ : युवा तथा खेलकुद कार्यक्रम सम्बन्धमा ।**

क)तनहुँ जिल्ला फुटबल संघद्धारा तनहुँ जिल्ला लिग फुटबल प्रतियोगिता कार्यक्रमको लागि बजेट माग भएकोले गाउँकार्यपालिकाको स्वीकृत युवा तथा खेलकुद कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी दिनेगरि जम्मा रु.५०,०००/-(अक्षररुपी पचास हजार रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ निवासी तारा वहादुर गौतमको छोरी आईसा गौतम आर.के.मनोरन्जन समुहद्धारा आयोजित मिस ग्रान्ड नेपाल २०२४ को सहभागी वनि मिस सुप्रा ग्लोवल नेपाल २०२४ को ताज जित्न सफल भएको र इन्टरनेशनल प्रतियोगितामा सहभागी हुने अवसर प्राप्त गरेकोमा निजको आर्थिक अवस्था कमजोर भएको कारण आर्थिक सहयोग उपलब्ध गराईदिन भनि सम्वन्धित वडाकार्यालयको सिफारिस सहित पेश भएको निवेदन उपर छलफल गरी निजलाई

**निर्णय नं. ९.हिउँदे सभाबाट बजेट सुनिश्चित गरि कार्य गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत भदौरे पाटुका सडक योजनालाई रु.७,५०,०००/-(अक्षररुपी सात लाख पचास हजार रुपैंया मात्र । विनियोजन गरिएकोमा आगामी हिँउदे अधिवेशन बाट रु.१२,५०,००/-( अक्षररुपी वाह्र लाख पचास हजार रुपैंया मात्र ।) बजेट व्यवस्थापन गर्नेगरि जम्मा रु.२०,००,०००/-(अक्षररुपी विस लाख रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : कार्यविधि स्वीकृत सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विद्यायन समितिबाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु उपर छलफल गरीउक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्वन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसँग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो

**तपशिल :**

क) सयपत्री फुलखेती कार्यक्रम कार्यविधि २०८१

ख) कृषिमा आधारित नवप्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८१

**निर्णय नं. ११ : स्टोर तथा आवास सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको आफ्नै स्वामित्वमा रहेको भवन तथा पूर्वाधारहरु प्रयाप्त नभएको र पालिकाको स्टोरको भवन पनि नभएको कारण भवन निर्माण नभईन्जेल सम्मको लागि स्टोर प्रयोजन र गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा कार्यरत डाक्टरहरुको आवास प्रयोजनार्थ भाडामा लिईएको घरहरुमा तपशिल वमोजिम आवास/स्टोर व्यवस्थापन गर्ने निर्णय गरीयो ।

| क्र.सं | घरधनीको नाम | प्रयोजन |
|---|---|---|
| १. | खड्कराज थापा | स्टोर र प्रमुख प्रशासकिय अधिकृत आवास |
| २. | कृष्ण बहादुर पन्थ | डा.हरि सेडाई र डा.सागर के.सि.आवास |
| ३. | वीर बहादुर गुरुङ | डा.धन बहादुर क्षेत्री आवास |
| ४. | राममाया श्रेष्ठ | लेखा अधिकृत विनोद अर्याल आवास |

Scanned with CamScanner